मुगुम कार्मारोङ गाउँसभाको आठौं गाउँसभा बैठकमा २०७८ साल आषाढ १० गते विहिवार

## अध्यक्ष श्री छिरिंग क्याप्रे लामाले

## प्रस्तुत गर्नु भएको

## आर्थिक वर्ष २०७८/०७९ को

## नीति तथा कार्यक्रम

# मुगुम कार्मारोंग गाउँपालिका को चौथो गाउँसभामा प्रस्तुत आर्थिक वर्ष २०७८।२०८९ को लागी प्रस्तावित नीति तथा कार्यक्रम

श्रीगाउँपालिका उपाध्यक्ष ज्यु
गाउँसभाका सदस्य ज्यु हरु
प्रमुख प्रशासकीय अधिकृत ज्यु
र गाउँपालिकामा कार्यरत सम्पूर्ण राष्ट्रसेवक कर्मचारी हरु

सर्वप्रथम यस मुगुम कार्मारोङ गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम आठौ गाउँसभामा पेश गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु ।

विश्वप्यापी महामारी कोभिड-१९ बाट संसार आक्रान्त भैरहेको बेला म सर्वप्रथम यो महामारी बाट दिबंगत हुनु भएका नेपालि दाजुभाई लगाएत विश्व भरि ज्यान गुमाउने हरु प्रति गहिरो समवेदना प्रकट गर्न चाहान्छु साथै कोभीड-१९ बाट संक्रमति सम्पूर्ण नेपालि दाजु भाई दिदिबैनी हरुको सिघ्र स्वास्थ्यलाभ को कामना गर्न चाहन्छु ।साथै महामारी नियन्त्रणका लागि अग्रपंतिमा रही काम गर्नुहुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, रास्ट्रसेवक कर्मचारी र जनप्रतिनिधी ज्युहरुले गर्नुभएको योगदानको उच्च कदर गर्न चाहान्छु । महामारी पूर्णरुपमा नियन्त्रण नभएसम्म यहाँ हरु सबै सजग र सुरक्षित रहन हुन आग्रह गर्दै यहाँहरुको स्वस्थ र व्यस्त जीवनशैलिको कामना गर्दछु ।

जनताको सबैभन्दा नजिकमा रहेर काम गरिरहेको स्थानीय सरकारबाट सिमित श्रोत र साधनका वावजुद गाउँपालिका क्षेत्रभित्र महामारी नियन्त्रणका साथै राहत तथा उद्दारका लागि भएका प्रयासहरु र आगामी दिनमा स्थानीय सरकारले लिने पहल कदमी प्रति गाउँपालिका सधै सजग रहेको कुरा जानकारी गराउंदैजस्तोसुकै परिस्थितिमा पनि गाउँपालिकाबासिको सुरक्षा र सहज जीवनयापनका लागि यहाँ हरु संगै रहने बाचा पनि गर्न चाहन्छु ।

गाउँपालिकाको समस्टिगत विकास र समुन्नतीको लागि दत्तचित्त भै खटिने सम्पूर्ण जनप्रतिनिधि र कर्मचारी हरुधन्यवादका पात्र हुनुहुन्छ । उहाँहरुले यस नीति तथा कार्यक्रम तर्जुमा प्रकृयामा देखाउनु भएको सकृयताको लागि म विषेश आभार ब्यक्त गर्न चाहान्छु । विकासमा सबैको साझा संकल्प र अटुट एकताको लागि म सबै मुगुम कार्मरोङ बासि दाजुभाइ तथा दिदिबैनी हरु प्रति सदा आभारी छु । घरदैलोको सरकारको रुपमा रहेको गाउँपालिका लाई सधैं रचानात्मक सुझाव दिने सबै राजनीतिक दल, नागरिक समाज, गैर-सरकारी संघ/संस्थाहरु लाई पनि बिशेष धन्यवाद दिन चाहन्छु ।

वारम्वार पेचिलो विषयको रुपमा रहेको गाउँपालिकाको केन्द्र तोक्ने विषयसवै जनप्रतिनिधिको सहमतीवाट गाउँपालिकाको केन्द्र पुलुलाई निर्धारण गरिएको छ । सहमति र सहयोगमा निरन्तरता

भएकै  कारण मुगु जिल्लामै हाम्रो गाउँपालिकामा  पहिलो प्रशासनिक भवन निर्माण भई सहज सेवा प्रवाह भएको अवश्था छ ।सवै वडामा वडा कार्यालय आधारभुत स्वास्थ्य चौकी निर्माण भई सेवा प्रवाह भएको अवश्था छ ।उज्यालो गाउँपालिका वनाउने हाम्रो अटोट पुरा भएको छ । गाउँपालिकाको अग्रसरतामा रिउस वगर र लादेगाडमा लघु जलविधुत आयोजना सम्पन्न भई   गाउँ गाउँ मा उज्यालो छाएको छ ।विधुत नपुगेका वस्तिहरुमा सोलार प्रणाली मार्फत उज्यालो विस्तार गरिएको छ ।गाउँपालिकाको गौरव को रुपमा रहेको आवासिय विधालयमा पुर्वाधारको निर्माणलाई तिव्रता दिईएको छ । मुगुम कार्मारोङ् गाउँपालिकाको केन्द्र सम्म सडक सन्जाल विस्तार गर्न वैकल्पिक सडक को रुपमा छायल मह ढुङ्गेधारा सडकलाई प्रदेश मार्फत निर्माण कार्य अघि वढाईएको छ ।मुगु कार्मारोङ् गाउँपालिकाको प्रवेश  विन्दु छायल र च्याप्नेगाडमा  वेलीव्रिज निर्माण गर्नको लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरीएको छ । कर्णाली प्रदेश सरकारको सहकार्यमा च्याङ्गा स्रोत केन्द्र स्थापनाको चरणमा रहेको छ ।मुगम कार्मारोङ् गाउँपालिका वासीलाई आधुनिक स्वास्थ्य सेवा दिनको लागि रिउसवगरमा १० सैया क्षमताको आधारभुत अस्पताल निर्माणको कार्य प्रारम्भ गरिएको छ ।मुगुम कार्मारोङ्वासीलाई सेवा सुविधा उपलव्ध गराउन को लागि एम्वुलेन्स सेवा सन्चालन गरिएको छ ।यस क्षेत्रलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न छायाँनाथ मुगु महोत्सव कार्यक्रम गत साल देखि सन्चालनको तयारी गरेता पनि  कोभिड १९ को महामारीको कारण उक्त महोत्सव सन्चालन गर्न सकेका छैनौ । अनुकुल परिस्थिति सृजना भएको खण्डमा महोत्सव सन्चालन गरिने छ ।

गाउँपालिका बासीको समृद्दीलाइ केन्द्रविन्दुमा राखेर बजेट, नीति तथा कार्यक्रमको तर्जुमा सबै वडा अध्यक्ष र सदस्य ज्युहरुको उपस्थिति र तत् वडाका सम्पूर्ण गाउँवासीहरुको सहभागितामा व्यापक छलफल तथा अन्तरकृया मार्फत गरिएको हुँदा यसले सम्पूर्ण गाउँपालिकावासीका आवश्यकताहरु लाई सम्बोधन गर्नेछ भन्नेमा विस्वस्त छु | साथै गाउँपालिकाको क्षेत्र भित्र हाल सम्म विकाशको अवस्था, सम्भावना र आर्थिक श्रोत समेतमा खासै परिवर्तन नभएको विषयलाइ महसुस गरि यस गाउँपालिकाले विगत गाउँ सभाबाट अवलम्बन गर्दैआएका नीति तथा कार्यक्रमहरु लाइ समेत आगामी आ.व मा निरन्तरता दिईएको छ| गाउँपालिकाको आगामी आ.व ०७८/०७९ मा अवलम्बन गर्ने नीति तथा कार्यक्रमबाट यस क्षेत्रको स्वास्थ्य, पूर्वाधार विकास, पर्यटन, शिक्षा, लगायतका क्षेत्रमा आशा लाग्दो परिवर्तन भै जनतामा ब्यास रहेको चरम गरिवी न्यूनीकरण हुनेछ भन्ने विश्वास लिएको छु |

**गाउँसभाका सदस्य ज्यु हरु,**

**अव म आ.व ०७७/०७८ को लागि गाउँपालिकाका नीति तथा कार्यक्रम हरु प्रस्तुत गर्न गईरहेको छु |**

१ भौतिक पूर्वाधार विकास तर्फः

- ✓ गमगढी नाक्चेलाग्ना सडक को माँग्री पुलु खण्ड गाउँपालिकाको स्रोतवाट सन्चालन गरिने छ
- ✓ छायल मह तुम्रेधारा ग्रामिण सडकलाई उच्च प्राथमिकता दिईने छ ।
- ✓ गाउँपालिकाको श्रोतबाट प्रत्येक वडामा सडक संञ्जाल बिस्तार गरिने छ ।साथै सडक संञ्जाल बिस्तार गर्न कर्णाली प्रदेश सरकार संग समेत बिषेश अनुदान माग गरिने छ ।
- ✓ नेपाल जलबायु परिवर्तन कार्यक्रम संगको सहकार्यमा खानेपानी तथा सिंचाई योजनाहरू संञ्चालन गरिनेछ ।

२ बिपत व्यवस्थापन तथा वाताबरण तर्फ

- ✓ विभिन्न जोखिमपूर्ण ठाउँहरु मा तटबन्धन निर्माण गरिने छ ।
- ✓ पहिरोको सम्भावना भएका विभिन्न ठाउँहरुमा बृक्षारोपण गरिने छ ।
- ✓ जोखिम पुर्ण वस्ति पहिचान गरी विपद प्रतिकार्य योजनाको निर्माण गरिने छ ।

३ शिक्षा तर्फ

- ✓ गाउँपालिका भित्रका बिधालयहरु को गुणस्तरको स्तर-उन्नति को लागि बिषेश पहल गर्ने।
- ✓ गा.पा अन्तर्गत वडा नं ६ ताखामा हाल संचालित आवासीय विधालयको प्रभावकारी सन्चालन र व्यवस्थापनको लागि संघीय र प्रदेश सरकार संगको निरन्तर सहकार्यलाइ विषेश प्राथमिकतामा राखिने छ ।
- ✓ गाउँपालिका क्षेत्रभित्रको शैक्षिक तथ्यांकलाइ अध्यावधिक गर्ने ।
- ✓ रास्ट्रिय स्तरमा प्रथामिकता प्राप्त शैक्षिक कार्यक्रमहरुको प्रभावकारी कार्यान्वन गर्ने ।
- ✓ गरिब तथा जेहन्दार विधार्थी लाइ छात्रवृत्तिको व्यवस्था गर्ने ।

४ स्वाथ्य तर्फ

- ✓ घुम्ती स्वास्थ्य शिविर सन्चालन गरिने छ।

- ✓ गाउँपालिका भित्रका प्रत्येक वडा स्वास्थ चौकी हरुमा नेपाल सरकार ले सुचिकृत गरेका अत्याबश्यक औषधि हरुको सहज उपलब्धताको सुनिश्चितता गर्ने ।
- ✓ स्वास्थ विमा को लागि अरुसरोकारवाला संघसंस्थाहरु संग सहकार्य गरि यसको व्यापक प्रचार प्रसार गर्ने ।

- ✓ स्वास्थ्य सेवालाइ प्रभाबकारि बनाउन महिला स्वयम-सेबिकाहरूलाइ प्रोत्साहन गरिने छ ।

५ सुरक्षा तर्फ

- ✓ प्रहरी चौकी पुलु र सिमा प्रहरी चौकीको स्तरोन्नति गर्न र अन्य स्थानमा प्रहरी चौकी स्थापना गर्न संघीय सरकारसंग पहल गरिने छ ।
- ✓ नेपाल र चिनको सिमा क्षेत्रमा सशस्त्र प्रहरी बल नेपालको सिमा सुरक्षा गुल्म स्थापन गर्न आवश्यक पहल गरिने छ ।।

६ पर्यटन

- ✓ संघिय सरकार तथा प्रदेश सरकार को सहकार्यमा छायाँनाथ क्षेत्रको एकिकृत विकास गर्नको लागि अधिकार सम्पन्न छायाँक्षेत्र विकास समिति गठनको लागि पहल गर्ने।
- ✓ कोईकी स्वागिरी हिमाल र तिहार शे फोक्सुन्डो पर्यटकीय पदमार्ग निर्माणको लागि प्रदेश सरकार संग अनुरोध गर्ने
- ✓ यार्सागुम्बा र यार्सा उत्पादन क्षेत्रलाइ पर्यटन ब्यबसायको रूपमा प्रवर्धन गर्ने
- ✓ पर्यटन सुचना केन्द्रको स्थापना गर्ने ।

७कृषितथा पशु

- ✓ ब्याबसायिक रुपमा चौंरीपालन च्याङगा पालन र मौरीपालनको लागि लक्षित वर्गलाई अनुदानको व्यवश्था गर्ने ।
- ✓ आरु, चुली, स्याउ र ढटेलो खेतीलाई व्यवसायिक खेतीको रुपमा विकास गरिने छ ।
- ✓ पशु वीमा कार्यक्रम लाई सवै वडा र वस्तिमा विस्तार गर्न आवश्यक पहल गरिने छ ।
- ✓ उपयुक्त तरकारी तथा अन्य खेतिको लागि अनुदान तथा प्रवर्दन को ब्यबस्था गरिने छ ।
- ✓ उन्नत बिऊ बिजन बितरण कार्यक्रम संचालन गर्ने ।
- ✓ रैथाने बालिहरुको संरक्षण गर्न आवश्यक नीतिको तर्जुमा गर्ने ।

८ वन वातावरण र जैविक विविधताको संरक्षण

- ✓ लालिगुँरास संरक्षण क्षेत्रको प्रवर्द्धन तथा घोसणा
- ✓ जलवायु अनुकुल कार्यक्रम को संचालन गर्ने
- ✓ दुर्लभ वन्यजन्तुहरुको वासस्थान पहिचान गरि चोरि सिकारी नियन्त्रण गर्ने
- ✓ दुर्लभ जडिबुटी हरुको अवैधानिक ओसार पसार नियन्त्रण गर्ने |

९ रोजगारी सृजना

- ✓ गाउँपालिका अध्यक्ष रोजगार कार्यात्रम तथा प्रधानमन्त्री रोजगार कार्यात्रम प्रभावकारि रुपमा संञ्चालन गर्ने ।
- ✓ उपाध्यक्ष महिला शसक्तिकरण कार्यक्रम संञ्चालन गर्ने ।
- ✓ व्यबसायिक शिपमुलक तालिम प्रदान गर्ने ।
- ✓ सरकारी तथा गैरसरकारी निकाय संग समन्वय गरि हाल सम्म तालिम लिन छुट गरिब जेहेन्दार व्यक्तिहरुलाइ तालिम प्रदान गर्ने ।
- ✓ गरिवसंग विश्वेस्वर कार्यक्रम लाइ थप प्रभावकारी बनाइने छ ।

१० सामाजिक विकास तर्फ

- ✓ महिला, बालबालिका, अपांग, दलित, र जनजाति तथा सामाजिक र आर्थिक रुपले विपन्न, कमजोर समुदायका लागि जिबनस्तर सुधार गर्न मागमा आधारित कार्यक्रम सन्चालन गर्ने ।
- ✓ गाउँपालिका भित्रको कला, संस्कृति संरक्षण गरिने छ ।
- ✓ सबै सार्वजनिक संरचना निर्माण गर्दा बाल, अपाङ्ग र बृद्द मैत्री बनाइनु पर्ने नीति लाई निरन्तरता दिईने छ ।

११ युवा तथा खेलकुद

- ✓ गाउँपालिका भित्र का सबै युवा जनशक्ति लाइ गाउँमै बसी योगदान गर्नसक्ने वातावरण तयार गर्न लघु उधम विकास कार्यक्रम मार्फत विभिन्न रोजगारी मुलक तालिम को व्यवश्था गरिने छ ।
- ✓ खेलकुद मैदान लगाएतका संरचना निर्माण गरी खेलकुद कार्यक्रमलाई सवै वडा स्तर सम्म विस्तार गरिने छ ।

## १२ सुशासन तथा सेवा प्रवाह

- ✓ कार्यालय ब्यवस्थापन र सेवा प्रवाहलाइ प्रभावकारी बनाइने छ ।
- ✓ गाउँपालिकामा रिक्त रहेका दरवन्दीमा स्थायी कर्मचारी सरुवा भई पदपर्ति नभएको खण्डमा स्थायी पदपुर्ती गर्नको लागि प्रदेश लोक सेवा आयोगमा माग गरिने छ ।
- ✓ कार्यालय अन्तर्गत आन्तरिक राजस्व बृद्धि एंवप्रशासनिक खर्च लाइ मितव्ययिता बनाउन प्रयास गर्ने ।
- ✓ स्थानीयस्तरमा शान्ति सुरक्षा कायम गर्न एबम सामाजिक बिकृति विसंगति हरुलाइ रोक्न, आवश्यकता अनुसार प्रहरी चौकी पुलु संग समन्वय गरिने छ।
- ✓ गाउँपालिका को डिजिटल नागरिकवडा पत्र यथाशिघ्र तयार गरिनेछ
- ✓ गाउँपालिकाको आय र व्ययलाई अझ पारदर्शी बनाइने छ ।
- ✓ गाउँपालिका भित्र संचालित सम्पूर्ण कार्यक्रम हरुको नियमित अनुगमन, समिक्षा, समन्वय बैठक, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, आदि मार्फत सुशासनमा जोड दिईनेछ ।

## १३ भाषा संस्कृति

- ✓ गुम्बा शिक्षालाइ प्रवर्द्धन गर्न आवश्यक पहल गरिने छ ।
- ✓ स्थानीय भाषा र लिपिको संरक्षण गर्न आवश्यक पहल गरिने छ ।

## १४ राजस्व तथा वित्तीय ब्यबस्था

- ✓ राजश्व वृध्दी गर्नको लागि करको दायर विस्तार गर्ने
- ✓ स्थानीयवासी लाई कर सम्बन्धि विभिन्न चेतनामुलक कार्यक्रम हरु संचालन गरिनेछन ।
- ✓ एकिकृत सम्पति कर लगाउने सम्वन्धमा अध्ययन गर्ने ।
- ✓ जडिवुटी करलाई व्यापक वनाउने ।
- ✓ राजश्वलाई अनलाईनमा आवध्द गर्ने ।

## १५ सहकारी विकास तर्फ

- ✓ गाउँपालिका भित्रको सहकारी क्षेत्रलाइ स्तरोन्नति गरिने छ ।
- ✓ सहकारी संस्थाहरुको क्षमता विकास गर्न आवश्यक पहल गर्ने

- ✓ सहकारी संस्थाहरुको निगरानी वढाउने ।

१६ राहत तथा सहायता

- ✓ विपदका घटना वाट प्रभावित व्यक्ति तथा परिवारलाई निश्चित मापदण्ड को आधारमा राहत वितरण गरिने छ ।
- ✓ दैनिक जीवन निर्वाह् गर्न कठिन भएका निःसन्तान जेष्ठ नागरिक घरवार विहिन व्यक्ति वा परिवार र संरक्षक वा अभिभावक नभएका अपाङ्गहरुलाई आर्थिक सहायता दिन मापदण्ड तर्जुमा गरिने छ ।
- ✓ आर्थिक विपन्नताको कारण दीर्घरोगहरु जस्तै मुटु मृगौला क्यान्सर पक्षघात उपचार गर्न कठिन भएका नागरीकहरुलाई औषधी उपचार सम्वन्धि मापदण्ड तर्जुमा गरी औषधी उपचार खर्च दिईने छ ।

## १७ सुचना तथा सन्चारः

- ✓ सवै वडा कार्यालयमा ईन्टरनेट सेवा विस्तार गर्नको लागि नेपाल टेलिकम र ईन्टरनेट सेवा प्रदायक निकाय संग सम्झौताको प्रकृया अघि वढाईने छ ।साथै जि एस एम मोवाईल सेवाको ४ जी सेवा विस्तारको लागि नेपाल टेलिकमले काम शुरु गरीसकेको हुदाँ उक्त कार्य अविलम्व सम्पन्न गराईने छ ।
- ✓ स्थानीय भाषा संस्कृति को संरक्षण तथा सवैलाई सुचनाको पहुँचमा ल्याउनको लागि गाउँपालिकाको अग्रसरतामा एफ एम सन्चालन गर्न सम्भाव्यता अध्ययन गरिने छ ।
- ✓

अन्त्यमा,

नीति र कार्यक्रम तर्जुमा प्रकृयामा आ-आफ्नो भूमिकालाइ सफलतापुर्वक निर्वाहगर्दै, अहोरात्र खटिने सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीहरु लाइ म हृदय देखिनै धन्यवाद दिन चाहन्छु साथै निति तथा कार्यक्रम सर्वसम्मत पारित हुनेमा बिवस्त छु । धन्यबाद ।

छिरिङ क्याप्ने लामा
अध्यक्ष